# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**अमाहिवेल्हा, सुनसरी**

## बाख्रा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०२/२२**

१. यस गाउँपालिकाको चालु आ.ब. २०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम बाख्रापालक कार्यक्रम संचालनको लागि तपसिलमा उल्लेखित कार्य सिलबन्दी दरभाउपत्र मार्फत आपुर्ति गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाहरुलाई खरिद प्रकृयामा सहभागि हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. यो सुचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा निजको प्रतिनिधिले फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र को फोटोकपी र सम्बन्धित व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र साथ तपसिलमा उल्लेखित दरभाउपत्र फाराम दस्तुर वापतको रकम (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेका तल उल्लेखित आन्तरिक राजस्व खातामा दाखिला गरेको सक्कल भौचर साथ निवेदन पेश गरेपछि यस कार्यालयबाट उपलब्ध गराइने छ ।

| बैंकको नाम | कार्यालयको नाम | कार्यालयको कोड | कार्यालय खाता नम्बर | खाताको नाम |
|---|---|---|---|---|
| एन आईसी एशिया बैंक लिमिटेड, बर्जु शाखा | बर्जु गाउँपालिका | 801011410 | 2432050027873004 | आन्तरीक राजस्व खाता -बर्जु गाउँपालिका |

३. खरिद गरिएको दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा आफै वा आधिकारिक प्रतिनिधि उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ । दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारमहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ । तोकिएको समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमश: सोही समयमा हुनेछ । तर दरभाउपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

४. दरभाउपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको तल उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ९० दिन म्याद भएको सक्कलै जमानी पत्र (विड वण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

| बैंकको नाम | कार्यालयको नाम | कार्यालयको कोड | कार्यालय खाता नम्बर | खाताको नाम |
|---|---|---|---|---|
| एन आईसी एशिया बैंक लिमिटेड, बर्जु शाखा | बर्जु गाउँपालिका | 801011410 | 243CA50017628005 | धरौटी खाता - बर्जु गाउँपालिका |

५. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका, माग बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्खत तथा छाप नभएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६. यस सुचनामा उल्लेख नभएका विषयमा सावर्जनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ ।

७. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । (पशु विकास अधिकृत ९८०८२७०५३८)

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम | जमानत रकम | फाराम दस्तुर |
|---|---|---|---|---|
| BRM/SUNSARI/NCB/SQ/LS/1/81-82 | प्रजन्न योग्य बाख्रा खरिद तथा वितरण | रु.१९,५०,००० | रु. ५०,०००।०० | रु.१०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**